# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, वैशाख १३ गते २०५८ साल (अतिरिक्ताङ्क ६


## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम न्याय परिषद्‌को सिफारिशमा देहायका पुनरावेदन अदालतहरूका मुख्य न्यायाधीशहरूलाई देहाय बमोजिम पुनरावेदन अदालतहरूमा सरुवा गरिबक्सेको छ ।

१. पुनरावेदन अदालत, तुलसीपुरका मुख्य न्यायाधीश श्री केदारप्रसाद गिरी सर्वोच्च अदालतको अस्थायी न्यायाधीश पदमा नियुक्त हुनु भं म्याद थप समेत भएकोले उहाँको पदाधिकार पुनरावेदन अदालत, दिपायलको मुख्य न्यायाधीश पदमा ।

२. पुनरावेदन अदालत, विराटनगरका मुख्य न्यायाधीश श्री चन्द्रप्रसाद पराजुली सर्वोच्च अदालतको अस्थायी न्यायाधीश पदमा नियुक्त हुनु भएकोले उहाँको पदाधिकार पुनरावेदन अदालत, सुर्खेतको मुख्य न्यायाधीश पदमा ।

३. पुनरावेदन अदालत, पाटनका मुख्य न्यायाधीश श्री मीनबहादुर रायमाझी सर्वोच्च अदालतको अस्थायी न्यायाधीश पदमा नियुक्त हुनु भएकोले उहाँको पदाधिकार पुनरावेदन अदालत, महेन्द्रनगरको मुख्य न्यायाधीश पदमा ।

४. पुनरावेदन अदालत, सुर्खेतका मुख्य न्यायाधीश श्री वलिराम कुमारलाई पुनरावेदन अदालत, विराटनगरको मुख्य न्यायाधीश पदमा ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. पुनरावेदन अदालत, हेटौंडाका मुख्य न्यायाधीश श्री खिलराज रेग्मीलाई पुनरावेदन अदालत, पाटनको मुख्य न्यायाधीश पदमा ।

६. पुनरावेदन अदालत, धनकुटाका मुख्य न्यायाधीश श्रीमती शारदा श्रेष्ठलाई पुनरावेदन अदालत, तुलसीपुरको मुख्य न्यायाधीश पदमा ।

७. पुनरावेदन अदालत, नेपालगञ्जका मुख्य न्यायाधीश श्री अर्जुनप्रसाद सिंहलाई पुनरावेदन अदालत, धनकुटाको मुख्य न्यायाधीश पदमा ।

८. पुनरावेदन अदालत, जनकपुरका मुख्य न्यायाधीश श्री हरिजंग सिजापतिलाई पुनरावेदन अदालत, नेपालगञ्जको मुख्य न्यायाधीश पदमा ।

९. पुनरावेदन अदालत, महेन्द्रनगरका मुख्य न्यायाधीश श्री परमानन्द झालाई पुनरावेदन अदालत, हेटौंडाको मुख्य न्यायाधीश पदमा ।

१०. पुनरावेदन अदालत, बाग्लुङका मुख्य न्यायाधीश श्री बद्री कुमार बस्नेतलाई पुनरावेदन अदालत, जनकपुरको मुख्य न्यायाधीश पदमा ।

११. पुनरावेदन अदालत, दिपायलका मुख्य न्यायाधीश श्री कृष्णप्रसाद उपाध्याय-लाई पुनरावेदन अदालत, बाग्लुङको मुख्य न्यायाधीश पदमा ।

## सूचना २

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम न्याय परिषद्को सिफारिशमा देहाय बमोजिम पुनरावेदन अदालतको न्यायाधीश पदमा नियुक्ति गरिबक्सी पदस्थापना समेत गरिबक्सेको छ ।

१. पुनरावेदन अदालत, जनकपुरका अतिरिक्त न्यायाधीश श्री गौरिबहादुर कार्कीलाई पुनरावेदन अदालत, जुम्लाको न्यायाधीश पदमा ।

२. पुनरावेदन अदालत, पाटनका अतिरिक्त न्यायाधीश श्री [illegible] खनाललाई पुनरावेदन अदालत, सुर्खेतको न्यायाधीश पदमा ।

३. पुनरावेदन अदालत, विराटनगरका अतिरिक्त न्यायाधीश श्री राजेन्द्रप्रसाद राजभण्डारीलाई पुनरावेदन अदालत, दिपायलको न्यायाधीश पदमा ।

हुकुम बक्से बमोजिम,
वसुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।